THE FREEDOM FUND

# सर्भाइभर लिडरसिप फन्ड - बारम्बार सोधिने प्रश्नहरू

यस कोषको उद्देश्य शोषणको प्रत्यक्ष अनुभव (मानव बेचबिखन, जबरजस्ती श्रम, बँधुवा श्रम, बाल श्रम वा जबरजस्ती विवाह सहित) गरेका पीडित/व्यक्तिहरूको नेतृत्वमा सञ्चालित संस्थाहरूलाई टेवा प्रदान गर्नु हो। यस चरणमा नेपालमा अवस्थित पीडितहरूको नेतृत्वमा सञ्चालित संस्थाहरूले मात्र आवेदन दिन सक्ने छन्।

- **कसले आवेदन गर्न सक्छ?**

यस चरणका लागि नेपालमा दर्ता भएका संस्थाहरू आवेदन दिन योग्य हुन्छन्। आवेदन दिनका लागि, संस्थाका कर्मचारीहरूमा नेतृत्वदायी पदहरूमा (जस्तै निर्देशक, CEO, वरिष्ठ **प्रबन्धक**) पीडित वा शोषणको प्रत्यक्ष अनुभव गरेका व्यक्तिको रूपमा पहिचान गर्ने एक वा बढी व्यक्तिहरू हुनुपर्दछ।

- **म हाल फ्रिडम फन्डको साझेदार हुँ - मैले आवेदन दिन पाउँछु त?**

धेरैजसो अवस्थाहरूमा, साझेदार, अनुदान प्राप्त गर्ने वा फ्रिडम फन्डको सहयोगमा सञ्चालित संस्थाहरू आवेदन दिन योग्य हुँदैनन्। तपाईं निश्चित हुनुहुन्न भने कृपया आफ्नो फ्रिडम फन्डको सम्पर्क व्यक्तिलाई सम्पर्क गर्नुहोस् वा SLF@freedomfund.org मा इमेल गर्नुहोस्।

- **छनौट गरिएका संस्थाहरूलाई कति अनुदान रकम प्रदान गरिन्छ?**

यस चरणको कोषका लागि, USD$20,000 सम्म अनुदान प्रदान गरिने छ।

- **पीडितहरूको नेतृत्वमा सञ्चालित संस्था भन्नाले हामी के बुझ्छौं?**

कर्मचारीहरूमा नेतृत्वदायी पदहरूमा शोषणको प्रत्यक्ष अनुभव गरेका पीडित / व्यक्तिहरू रहेका संस्थाहरू। कुनै कर्मचारीले संस्थाभित्र उच्च पद धारण गरेको छ र संस्थाको रणनीति, गतिविधि र/वा वित्तको बारेमा निर्णय लिने क्षमता राख्दछ भने त्यो व्यक्ति नेतृत्वदायी भूमिकामा रहेको मानिन्छ। यसमा वरिष्ठ व्यवस्थापन, निर्देशक, उपनिर्देशक र विभागीय प्रमुखहरू पर्न सक्छन्

- **हामीले पीडितहरू वा "शोषणको प्रत्यक्ष अनुभव गरेका व्यक्तिहरू" भन्नाले के बुझ्न सकिन्छ?**

यस कोषको प्रयोजनका लागि, "शोषणको प्रत्यक्ष अनुभव गरेका" भन्नाले जबरजस्ती श्रम, बाल श्रम, बँधुवा श्रम, मानव बेचबिखन वा जबरजस्ती विवाहको शिकार भएको बुझिन्छ।

- **कस्ता प्रकारका संस्थाहरूले आवेदन दिन सक्छन्?**

यो कोष मुख्यतया मानव बेचबिखन, जबरजस्ती श्रम, बँधुवा श्रम र बालविवाह लगायत आधुनिक दासत्वका सवालहरूलाई सम्बोधन गर्नमा कार्यरत नयाँ गैर-नाफामुखी संस्थाहरूलाई लक्षित गरी सुरु गरिएको हो। पीडितहरूको नेतृत्वमा रहेका कामदार समूह वा सामाजिक उद्यमहरूलाई पनि विचार गर्न सकिने छ। फ्रिडम फन्डको नीतिसँग मेल खाने हो भने आस्थामा आधारित संस्थाहरु पनि योग्य हुन सक्छन्।

- **यो अनुदान मेरो संस्थामा रहेका पीडितहरूलाई मात्र सहयोग गर्नका लागि हो वा सम्पूर्ण संस्थालाई नै सहयोग गर्नका लागि हो?**

यो अनुदान सम्पूर्ण संस्थालाई वा संस्थाले निर्णय गरेको ठाउँमा कोषको आवश्यकता परेमा सहयोग गर्नका लागि हो। यो कार्यसञ्चालन, कार्यक्रम, कार्यालयमा गरिने भुक्तानी, प्रविधि खरिद, आदि हुन सक्छ। यो पीडित कर्मचारीहरुलाई सहयोग गर्नका लागि मात्र हुनुपर्छ भन्ने छैन।

- **मेरो संस्थाले यस कोषमार्फत एकभन्दा बढी अनुदानका लागि आवेदन दिन सक्छ?**

यस कोषले सकेसम्म धेरै संस्थाहरूलाई सहयोग गर्ने लक्ष्य राखेको हुनाले, प्रत्येक संस्थाले हालका लागि एउटामात्र अनुदानका लागि आवेदन दिन सक्छ।

- **यो एक पटक मात्र दिइने अनुदान हो वा म अर्को वर्ष पुन: आवेदन दिन सक्छु?**

हालका लागि, यो कोष संस्थाहरूलाई एक पटक मात्र दिइने अनुदान हो, त्यसैले तपाईंले थप कोषका लागि पुन: आवेदन दिन सक्नुहुने छैन। चयन गरिएका साझेदारहरूलाई मात्र एक वर्ष दोस्रो अनुदानका लागि विचार गरिने छ।

- **म यो अनुदान कुन प्रयोजनका लागि प्रयोग गर्न सक्छु?**

यी अनुदानहरु निसर्त हुन् - जसको अर्थ तपाईंको संस्थाले आफ्ना लक्ष्यहरु हासिल गर्न तपाईंलाई सबैभन्दा उपयुक्त लाग्ने कुनै पनि शीर्षकमा अनुदान प्रयोग गर्न सक्छ। हामी तपाईंलाई एउटा संस्थाको रूपमा तपाईंले रकम आवश्यकता महसुस गरेको ठाउँमा प्रयोग गर्नुहुने छ भन्ने विश्वास गर्छौं।

- **यस अनुदानका लागि कस्तो प्रकारको रिपोर्टिङ गर्नुपर्ने छ?**

यस कोषको प्रकृति अनुदान प्राप्तकर्ताहरूमा प्रशासनिक भार कम गर्नु हो, त्यसैले न्यूनतम रुपमा रिपोर्टिङ गर्नुपर्ने छ। हामी 12 महिनापछि प्रतिवेदन माग गर्ने छौं।

- **यदि मेरो संस्था नेपालमा अवस्थित छैन भने म अझै पनि आवेदन दिन सक्छु?**

सक्नुहुन्न, कोषको यो चरण *नेपालमा* रहेका पीडितहरूको नेतृत्वमा सञ्चालित संस्थाहरूका लागि मात्र हो। हामी भविष्यमा अन्य स्थानहरूका लागि पनि कोषका चरणहरू सुरु गर्ने अपेक्षा गरेका छौँ, त्यसैले हाम्रो वेबसाइटमा घोषणाहरू हेर्दै गर्नुहोस्।

- **मेरो संस्था नेपालमा अवस्थित छैन तर त्यहाँ कार्यक्रमहरू सञ्चालन गरिरहेको छ भने, म अझै पनि आवेदन दिन सक्छु?**

सक्नुहुन्न, यो कोषनेपालमा रहेका स्थानीय संस्थाहरूका लागि मात्र हो / यी देशहरूमा सञ्चालन हुने तर अन्यत्र (जस्तै अमेरिका) दर्ता भएका वा मुख्यालय भएका संस्थाहरू योग्य हुने छैनन्।

- **मेरो संस्थामा पीडितहरू कर्मचारी छैनन्, तर हामी हाम्रा कार्यक्रमहरूमार्फत पीडितहरूलाई सहयोग गर्छौं। के म आवेदन दिन सक्छु?**

सक्नुहुन्न, यस कोषको लक्ष्य भनेको नेतृत्वदायी भूमिकामा पीडितहरूलाई रोजगार दिने संस्थाहरूको उत्थान र टेवा प्रदान गर्नु हो।

- **मेरो संस्था दर्ता भएको हुनैपर्छ?**

हो, तपाईंको संस्था स्थानीय कानुनी मापदण्डहरूअनुसार दर्ता भएको हुनुपर्छ। उनीहरूले प्रमाण प्रदान गर्न सक्ने हो भने दर्ताको प्रक्रियामा रहेका नयाँ स्थापित संस्थाहरूलाई विचार गरिने छ।

- **म एक पीडित व्यक्ति हुँ, तर म कुनै संस्थामा संलग्न छैन - के म व्यक्तिगत रूपमा आवेदन दिन सक्छु?**

दुर्भाग्यवश, यो कोष संस्थाहरूलाई सहयोग गर्नको लागि हो, त्यसैले हामी संस्थामा कार्यरत नभएका र नेतृत्वदायी पदमा नरहेका व्यक्तिहरूलाई सहयोग गर्न सक्दैनौँ।

- **यस कोषमा आवेदन गर्ने र बुझाउने व्यक्ति पीडित व्यक्ति नै हुनुपर्छ?**

होइन, संस्थाको जो कोहीले पनि आवेदन पूरा गर्न र बुझाउन सक्ने छ।

- **मेरो कामलाग्ने भरपर्दो इन्टरनेटको सुविधा छैन। के म कागजमा वा इमेल मार्फत आवेदन पेस गर्न सक्छु?**

सक्नुहुन्छ, कृपया SLF@freedomfund.org मा इमेल गरेर कागजी आवेदन फाराम अनुरोध गर्नुहोस्। समयमै आवेदन फाराम उपलब्ध गराउने सर्वोत्तम विधि पत्ता लगाउन हामी तपाईंसँग सहकार्य गर्ने छौँ।

- **म आफ्नो आवेदनको बारेमा फ्रिडम फन्डबाट कहिले प्रतिक्रिया पाउन सक्छु?**

तपाईंले अन्तिम मितिभित्र अनलाइन वा इमेल मार्फत आफ्नो आवेदन सफलतापूर्वक पेस गर्नुभएको छ भने, हामी आवेदकहरूलाई उनीहरूको आवेदनको बारेमा एक महिनाभित्र प्रतिक्रिया दिने अपेक्षा गर्दछौँ। यस चरणमा, तपाईंलाई छोटो सूचीमा राखिएको छ भने तपाईंलाई सूचित गरिने छ र छोटो सूचीमा परेका संस्थाहरूलाई अन्तर्वार्ताका लागि आमन्त्रित गरिने छ र थप विवरण प्रदान गर्न अनुरोध गर्न सकिने छ। अन्तर्वार्तापछि, तपाईंको आवेदन सफल भयो कि भएन भनेर तपाईंलाई सूचित गरिने छ।

- **मेरो आवेदन सफल भएमा के हुन्छ?**

सफल संस्थाहरूलाई उनीहरूको संस्थाको बारेमा केही थप विवरण, उनीहरूका बैंक खाता विवरण र तिनका सन्दर्भ व्यक्तिहरूबाट दुई सन्दर्भहरू प्रदान गर्न अनुरोध गरिने छ। अनुरोध गरिएको विवरण प्रदान गरिसकेपछि फ्रिडम फन्डले अनुदान सम्झौता पठाउने छ र सम्झौतामा हस्ताक्षर भएपछि रकम ट्रान्स्फर गरिने छ। यो प्रक्रियाका लागि सामान्यतया 6-8 हप्ता लाग्छ तर यदि कुनै जटिल पक्षहरू देखा परे वा आवश्यक विवरण वा सन्दर्भहरू प्रदान गर्न ढिलाइ भएमा यसका लागि लामो समय लाग्न सक्छ।